सधैं र सबैकाे लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY

CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३४२ ♦ २०८३ साल भदौ १८ विहिवार ♦ 3 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# भोटेकोशी बाढीपीडितको सहयोगमा जुट्यो जनकपुरधाम





**खबर दर्पण समाचारदाता**

**भदौ १७ गते, जनकपुरधाम**

रसुवाको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढी तथा पहिरोबाट प्रभावित परिवारको राहत तथा पुनःस्थापनाका लागि जनकपुरधामबाट आर्थिक तथा भौतिक सहयोग जुट्ने क्रम बढेको छ। विभिन्न व्यवसायी, संघसंस्था, शैक्षिक संस्था तथा स्थानीय समुदायले गरी १५ लाख ५५ हजार ७३२ रुपियाँ आर्थिक सहयोग गरेका छन् ।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष मनोजकुमार साहले बाढीपीडितका लागि ८ लाख ५१ हजार रुपियाँ सहयोग गरेका छन् । त्यसैगरी नेपाल औषधि व्यवसायी सङ्घ धनुषाले ४ लाख १११ रुपियाँ, जनकपुरधाम-६ का मस्जिद तथा मदर्सा कमिटीका पदाधिकारी, सदस्य तथा मुस्लिम युवाले १ लाख ९३ हजार ५१० रुपियाँ र जानकी बोर्डिङ स्कुलले १ लाख ११ हजार १११ रुपियाँ सहयोग गरेको छ। बाढीपहिरोबाट प्रभावित परिवारलाई तत्काल राहत उपलब्ध गराउने उद्देश्यले सङ्कलित रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष तथा सम्बन्धित राहत प्रयोजनमा हस्तान्तरण गरिएको जनाइएको छ ।

यसैबीच जनकपुरधामबाट प्रभावित परिवारका लागि ठूलो परिमाणमा जुत्ता-चप्पल, लत्ताकपडा, खाद्यान्न, सरसफाइका सामग्री तथा भान्साका सामानसमेत सङ्कलन गरिएको छ । जनकपुरधाम उद्योग वाणिज्य सङ्घका सचिव निरजविक्रम साहका अनुसार विभिन्न व्यवसायी तथा संघसंस्थाले उपलब्ध गराएको सामग्री प्रभावित क्षेत्रमा पठाउने तयारी भइरहेको छ ।

सङ्कलित राहत सामग्रीमा जुत्ता-चप्पल, बालबालिका तथा महिला-पुरुषका कपडा, साडी, टावललगायतका सामग्री छन् । विभिन्न व्यवसायीबाट मात्रै एक हजारभन्दा बढी थान लत्ताकपडा सङ्कलन भएको जनाइएको छ । महिलाका लागि साडीसमेत उल्लेख्य सङ्ख्यामा जुटाइएको छ ।

त्यस्तै, खाद्यान्नतर्फ मुरही, चिउरा, चाउचाउ, बिस्कुट र

*बाँकी पृष्ठ ३ मा*

# गौशाला इलाका प्रशासन कार्यालयमा छड्के अनुगमन,दुई कम्प्युटर अपरेटर नियन्त्रणमा

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**भदौ १७ गते, महोत्तरी**



महोत्तरीको गौशाला नगरपालिका-५ स्थित इलाका प्रशासन कार्यालय गौशालाको परिसर बाहिर कम्प्युटर पसल सञ्चालन गर्दै आएका दुई जनालाई प्रहरीले सेवाग्राहीसँग राहदानी बनाउन रकम लिएको आरोपमा नियन्त्रणमा लिएको छ।

इलाका प्रहरी कार्यालय गौशालाका अनुसार बुधबार दिउँसो करिब १ बजे सेवाग्राहीसँग राहदानी बनाउन रु. ६ हजार लिएको मौखिक आरोपपछि कम्प्युटर पसल सञ्चालक संजयकुमार मण्डल र मनोहर यादवलाई नियन्त्रणमा लिइएको हो।

इलाका प्रशासन कार्यालय गौशालामा विचौलियामार्फत सेवाग्राहीबाट रकम असुल्ने गरेको जनगुनासो आएपछि महोत्तरी क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य प्रमोदकुमार महतो, इलाका प्रशासन कार्यालय गौशालाका प्रमुख सर्वजित झा, राष्ट्रिय स्वतन्त्र पार्टीका नगर अध्यक्ष ज्ञानेन्द्रप्रसाद गुप्तासहितको टोलीले कार्यालयमा छड्के अनुगमन गरेको थियो।

अनुगमनका क्रममा मण्डल र यादवलाई नियन्त्रणमा लिइएको इलाका प्रशासन कार्यालय गौशालाका शाखा अधिकृतले जानकारी दिनुभयो।नियन्त्रणमा लिइएका दुवै जनामाथि लागेको आरोप पुष्टि भइसकेको छैन।

घटनाको सम्बन्धमा इलाका प्रहरी कार्यालय गौशालाले थप अनुसन्धान गरिरहेको जनाएको छ।

## सत्कर्म कृषि सहकारी संस्था लि.

बर्दिबास, महोत्तरी

## साधारण सभा सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस सत्कर्म कृषि सहकारी संस्था लि. को मिति २०८३ भाद्र १४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस संस्थाको नवौं वार्षिक साधारण सभा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा आयोजना गरिने भएको हुँदा यस संस्थाका सम्पूर्ण सेयर सदस्य महानुभावहरूलाई उक्त साधारण सभामा गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।

**तपसिल**

मिति : २०८३/०६/२९ गते बिहीबार

समय : बिहान ११:०० बजे

स्थान : गौतम होटल, बर्दिबास

**साधारण सभामा छलफल तथा पारित गर्नुपर्ने विषयहरू :**

१. आ.व. २०८२/०८३ को वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२. आ.व. २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती, छलफल तथा पारित सम्बन्धमा।
३. आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम/बजेट प्रस्तुती, छलफल गरी पारित सम्बन्धमा।
४. आ.व. २०८२/०८३ को लेखा समितिको प्रतिवेदन प्रस्तुती, छलफल तथा पारित सम्बन्धमा।
५. आ.व. २०८३/०८४ का लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
६. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा।
७. विनियम तथा आन्तरिक कार्यविधि संशोधन सम्बन्धमा।
८. सञ्चालक समितिले पास गरेको बचत तथा ऋणको ब्याजदर अनुमोदन सम्बन्धमा।
९. ऋणको ब्याज तथा हर्जाना छुट सम्बन्धमा।
१०. संस्थाद्वारा सञ्चालित कृषि कार्यक्रम सम्बन्धमा।
११. सञ्चालक समितिले आ.व. २०८२/०८३ मा संस्था सञ्चालनका लागि गरेका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा।
१२. खराब कर्जा असुली योजना सम्बन्धमा।
१३. विविध।

**विशेष अनुरोध :**

साधारण सभाभन्दा अगाडि नै यस संस्थामा आफूले बुझाउन बाँकी मासिक बचत, ऋणको किस्ता र ब्याज समयमै भुक्तानी गरौं। सभ्य सेयर सदस्यको पहिचान बनाऔं।

**वेद बहादुर कार्की**
**सचिव**
**सत्कर्म कृषि सहकारी संस्था लि.**
**बर्दिबास, महोत्तरी**
**सम्पर्क नं. : ०४४-५५०३८२, ९८१७८६१२६५**

# 'मेरो राजा छोरा फर्काइदेऊ' : भोटेकोशीमा हराएका गङ्गारामको प्रतीक्षामा परिवार

खबर दर्पण समाचारदाता
**भदौ १७ गते, बर्दिवास**



मटिहानी नगरपालिका-७ को एउटा सामान्य घर । घरको आँगनमा आउने हरेक अपरिचित पाइला अहिले परिवारका लागि आशाको संकेत बन्छ । कोही नयाँ मानिस घरभित्र पस्नासाथ गङ्गाराम मण्डलकी पत्नी गुन्जा देवी र आमा मिथिला देवीको एउटै प्रश्न हुन्छ- 'गङ्गाको केही खबर आयो ?'

तर भदौ १० गतेदेखि यो प्रश्नको जवाफ कसैले दिन सकेको छैन ।

रसुवाको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढी पहिरोपछि ४० वर्षीय गङ्गाराम सम्पर्कविहीन छन् । उनी सम्पर्कविहीन भएको आज सात दिन पुग्न लाग्दा पनि परिवारले उनको अवस्थाबारे कुनै जानकारी पाउन सकेको छैन । मोबाइलमा घण्टी बज्ने आशामा परिवारका सदस्य दिनभर फोन हेरेर बस्छन् । फोन आउँदैन । खबर आउँदैन । तर गङ्गाराम फर्किने आशा भने मरेको छैन ।

गङ्गारामकी पत्नी गुन्जा देवीका लागि भदौ १० गतेयताको प्रत्येक दिन अनिश्चितता र पीडाले भरिएको छ । काठमाडौंस्थित रिचा टुर्स एन्ड ट्राभल्समा कुकको काम गर्ने गङ्गाराम भदौ ९ गते रसुवा पुगेको जानकारी आफूलाई फोनमार्फत दिएको उनले बताइन् । त्यसको भोलिपल्ट आएको बाढीपछि भने उनको आवाज सुन्न नपाएको गुन्जाको भनाइ छ ।

'बाढी आएको एक हप्ता हुन लाग्यो, अहिलेसम्म न फोन आएको छ, न उहाँसँग कुनै सम्पर्क भएको छ,' गुन्जाले भक्कानिँदै भनिन्, 'घरको एक मात्र कमाउने व्यक्ति उहाँ नै हुनुहुन्छ । अब छोराछोरीलाई कसले हेर्छ ? हामीलाई कसले हेर्छ ? उहाँ कहाँ हुनुहुन्छ, कृपया पत्ता लगाइदिनुस् ।'

गङ्गाराम परिवारका लागि कमाउने व्यक्ति मात्रै होइनन्, चार सन्तानका बुवा पनि हुन् । उनका दुई छोरी र दुई छोरा छन् । बुवासँग सम्पर्क टुटेपछि बालबालिकामा पनि चिन्ता बढेको छ । घरमा आउने आफन्त र आगन्तुकसँग उनीहरूको एउटै आग्रह हुन्छ- 'हाम्रो बुवालाई जसरी पनि ल्याइदिनुस् ।'

गङ्गारामकी वृद्ध आमा मिथिला देवीको पीडा झन् गहिरो छ । छोरा सम्पर्कविहीन भएपछि उनी दिनहुँ छोरालाई सम्झेर रुने गरेकी छन् । 'मेरो राजा छोरा ल्याइदेऊ, मलाई मेरो छोरासँग कुरा गराइदेऊ,' भन्दै आमा रोइरहने गरेको मटिहानी नगर पालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलले बताए ।

नगरप्रमुख मण्डलका अनुसार गङ्गारामको मुख्य काम मानसरोवर यात्रामा जाने यात्रुहरूसँगै यात्रा गर्नु र उनीहरूका लागि खाना पकाउनु हो । सोही क्रममा उनी रसुवा पुगेको जानकारी परिवारले पाएको थियो । तर त्यसपछि भने परिवारले उनको कुनै खबर पाउन सकेको छैन ।

घरको मुख्य कमाउने सदस्य नै हराएपछि मण्डल परिवारको आर्थिक अवस्था पनि कमजोर बनेको नगरप्रमुख मण्डलले बताए । उनले गङ्गारामको तत्काल खोजी, उद्धार तथा अवस्थाबारे परिवारलाई जानकारी गराउन सरकारसँग आग्रह गरेका छन् ।



गङ्गारामको खोजीको माग गर्दै मटिहानी नगर कार्यपालिकाले समेत निर्णय गरेको छ । नगरपालिकाले भोटेकोशी क्षेत्रमा भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै प्रभावितको उद्धार, राहत तथा पुनःस्थापनाका लागि सरकारको ध्यानाकर्षण गराएको छ ।

विपद्मा परेका परिवारको पीडामा ऐक्यबद्धता जनाउँदै नगरपालिकाले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पाँच लाख रुपियाँ सहयोग गर्ने निर्णयसमेत गरेको छ । नगरप्रमुख मण्डलका अनुसार बाढी पहिरोमा ज्यान गुमाएका नागरिकप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गर्दै प्रभावितको शीघ्र उद्धार र पुनःस्थापनाको कामना गरिएको छ ।

तर मण्डल परिवारका लागि अहिले पाँच लाखको सहयोगभन्दा ठूलो आवश्यकता गङ्गारामको खबर हो । घरको ढोकातिर आँखा लगाएर बसेकी गुन्जा देवीका लागि राहतभन्दा पहिले श्रीमान्को सुरक्षित फर्काइ नै सबैभन्दा ठूलो राहत हुनेछ । आमाका लागि छोराको आवाज सुन्न पाउनु नै सबैभन्दा ठूलो खुसी हुनेछ । चार छोराछोरीका लागि बुवा घर फर्किनु नै सबैभन्दा ठूलो प्रतीक्षा हो ।

भोटेकोशीको बाढीले धेरै परिवारको जीवनमा यस्तै अनिश्चितता छाडेको छ । कतै आफन्तको मृत्युको खबर पुगेको छ, कतै घाइतेको सूचना आएको छ । तर केही परिवार अझै आफ्ना प्रियजन फर्किने आशामा बाटो हेरिरहेका छन् । गङ्गारामको परिवार पनि त्यही प्रतीक्षामा छ- कुनै दिन घरको आँगनमा पाइला टेक्दै उनी आउनेछन् र ढोकाबाट आवाज आउनेछ, 'म आएँ ।'

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फयुज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# छैटौं राष्ट्रिय कार्ययोजनालाई प्रभावकारी बनाउन मधेस सरकारको सकारात्मक अग्रसरता

**खबर दर्पण समाचारदाता**

**भदौ १७ गते, जनकपुरधाम**

मानव अधिकारसम्बन्धी छैटौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनलाई प्रभावकारी बनाउन मधेस प्रदेश सरकारले सम्बन्धित निकायबीच समन्वय गरी आवश्यक प्रक्रिया अघि बढाउने प्रतिबद्धतासहित अग्रसरता जनाएको छ।

छैटौं राष्ट्रिय कार्ययोजना २०८३/८४-२०८७/८८ का प्रावधानबारे जानकारी गराउँदै कार्यान्वयनका लागि प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने विषयमा ०८३ भदौ १५ गते अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेशका संयोजक राजु पासवान, प्रलेख अधिकृत ममता विश्वकर्मा र इन्सेक धनुषा प्रतिनिधि सन्तोष कुमार यादवको टोलीले मुख्यमन्त्री कृष्णप्रसाद यादव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश सचिव पार्वती शर्मा र कानुन सचिव नुतन झासँग भेट गरी कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रदेश सरकारको भूमिका तथा आगामी कार्यक्रमका विषयमा छलफल गरेको थियो।



सो अवसरमा इन्सेकद्वारा कार्ययोजनासम्बन्धी पुस्तकसमेत हस्तान्तरण गरियो। मुख्यमन्त्री यादवले मानव अधिकारका विषयलाई प्रदेश सरकारले प्राथमिकताका साथ अघि बढाउने बताउनुभयो। उहाँले छैटौं राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयका सचिवहरूसँग छलफल गरी आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

त्यसैगरी प्रदेश सचिव पार्वती शर्मा र कानुन सचिव नुतन झाले पनि कार्ययोजनाको अध्ययन गरी कार्यान्वयनका लागि सकारात्मक पहल गर्ने बताउनुभयो। मानव अधिकारको क्षेत्रमा लामो समयदेखि कार्यरत इन्सेकसँग सहकार्य गर्दै कार्ययोजनालाई प्रभावकारी बनाउन सकिने उहाँहरूको भनाइ थियो। कार्ययोजना कार्यान्वयनका लागि सम्बन्धित निकाय तथा कार्यालय प्रमुखहरूसँग समन्वय गरी प्रदेशस्तरीय अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने तयारी समेत अघि बढाइने उहाँहरूले बताउनुभयो।

# भोटेकोशी बाढीपीडितको....

चामललगायतका सामग्री प्राप्त भएका छन् । बाढी प्रभावित क्षेत्रमा सरसफाइलाई ध्यानमा राखी साबुन, फिनायल, हार्पिक, ट्वाइलेट ब्रस तथा महिलाका लागि स्यानिटरी प्याडसमेत सङ्कलन गरिएको छ ।

प्रभावित परिवारलाई खाना पकाउन तथा खाने सामग्रीको आवश्यकता पर्ने भएकाले कराही, फ्राइप्यान, जग, लोटा, गिलास, चम्चा, थाल तथा कचौरालगायतका भान्साका सामग्री पनि सहयोगस्वरूप जुटाइएको छ ।

सचिव साहले विपद्को कठिन समयमा बाढीपीडितका लागि सहयोग गर्ने व्यवसायी, संघसंस्था, शैक्षिक संस्था तथा सहयोगी दाताप्रति आभार व्यक्त गर्दै सङ्कलित सामग्री प्रभावित परिवारसम्म शीघ्र पुऱ्याइने बताउनुभयो ।

भोटेकोशी बाढी तथा पहिरोबाट ठूलो जनधनको क्षति भएपछि जनकपुरधामसहित मधेशका विभिन्न जिल्लाबाट राहत तथा आर्थिक सहयोग जुटाउने क्रम बढेको छ । स्थानीय तह, निजी क्षेत्र, व्यवसायी, सामाजिक संस्था तथा सर्वसाधारणले आफ्नो क्षमताअनुसार पीडित परिवारलाई सहयोग गरिरहेका छन् ।


## सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

**धनुषाधाम नगरपालिका, धनुषा**

## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

**सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार**

**मुखियापट्टी मुसरनिया गाउँपालिका, धनुषा**




# रामगोपालपुर नगरपालिकाद्वारा भोटेकोशी बाढीपीडितका लागि ३१ लाखभन्दा बढी सहयोग

**खबर दर्पण समाचारदाता**
**भदौ १७ गते, बर्दिवास**




रसुवा, नुवाकोट, गोरखा, धादिङ र चितवन जिल्लामा भोटेकोशी नदीमा आएको विनाशकारी बाढी तथा पहिरोबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि महोत्तरीको रामगोपालपुर नगरपालिकाले ३१ लाखभन्दा बढी रुपियाँ सहयोग गर्ने निर्णय गरेको छ।

नगरपालिकाले विपद्बाट प्रभावित व्यक्ति, परिवार तथा समुदायको उद्धार, राहत र पुनर्स्थापनाका लागि नेपाल सरकारको प्रयासमा ऐक्यबद्धता जनाउँदै रु. ३१ लाख ३५ हजार १३४ बराबरको रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेको जनाएको छ।

नगरपालिकाका अनुसार उक्त सहयोग रकम विभिन्न स्रोतबाट जुटाइएकोछ। नगरपालिकाको वार्षिक बजेटबाट रु. १० लाख, नगरपालिकाका जनप्रतिनिधिबाट रु. ७ लाख ११ हजार ५००, नगरपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीबाट रु. ६ लाख ८ हजार ६४८ तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीबाट रु. ५ लाख १७ हजार ९४० सहयोग गर्ने व्यवस्था गरिएको छ।

जनप्रतिनिधिले आफ्नो एक महिनाको सेवा सुविधा बराबरको रकम सहयोग गर्ने निर्णय गरेका छन्। त्यसैगरी कर्मचारीतर्फ अधिकृत स्तरका कर्मचारीबाट सात दिनको तलब, सहायक स्तरका कर्मचारीबाट पाँच दिनको तलब र श्रेणीविहीन कर्मचारीबाट दुई दिनको तलब योगदान गरिने नगरपालिकाले जनाएको छ।

सामुदायिक विद्यालयतर्फ माध्यमिक तहका शिक्षकबाट सात दिन, आधारभूत तहका शिक्षकबाट पाँच दिन तथा विद्यालय सहयोगी र कर्मचारीबाट दुई दिन बराबरको तलब सहयोग गरिने जनाइएको छ।

विश्वव्यापी जलवायु परिवर्तनका कारण भोटेकोशी नदीमा आएको बाढीबाट ठूलो जनधनको क्षति भएकामा दुःख व्यक्त गर्दै नगरपालिकाले मृतकप्रति श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारप्रति समवेदना प्रकट गरेको छ।

नगरपालिकाले विपद्बाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि सबै तहका सरकार, राजनीतिक दल, निजी क्षेत्र तथा नागरिक समाजलाई समेत सहयोग र सहकार्यका लागि आग्रह गरेको छ। प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गरी विपद्पीडितका लागि प्रयोग गरिने नगरपालिकाले जनाएको छ।

# मिथिला नगरपालिकाद्वारा भोटेकोशी बाढीपीडितका लागि ४१ लाखभन्दा बढी सहयोग




**खबर दर्पण समाचारदाता**
**भदौ १७ गते, ढल्केबर**

रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढी तथा पहिरोबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि धनुषाको मिथिला नगरपालिकाले ४१ लाखभन्दा बढी रुपियाँ सहयोग गरेको छ।

नगरपालिकाले बाढीपहिरोबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै पीडित परिवारप्रति समवेदना प्रकट गर्नुका साथै विपद्को घडीमा सहयोग पुऱ्याउने उद्देश्यले नगरपालिकाभित्र कार्यरत जनप्रतिनिधि, कर्मचारी, शिक्षक तथा विद्यालयका कर्मचारीबाट समेत रकम सङ्कलन गरिएको जनाएको छ।

नगरपालिकाका अनुसार नगर प्रमुखबाट ५१ हजार १५१ रुपियाँ, नगर उपप्रमुखबाट १२ हजार रुपियाँ तथा जनप्रतिनिधिबाट ३ लाख ३३ हजार १६५ रुपियाँ १० पैसा सहयोग गरिएको छ। त्यस्तै स्थानीय तह विपद् व्यवस्थापन कोषबाट ११ लाख रुपियाँ उपलब्ध गराइएको छ।

नगरपालिकामा कार्यरत कर्मचारी तथा वडा कार्यालय र स्वास्थ्यकर्मीबाट करिब १० लाख रुपियाँ र सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालयका कर्मचारीबाट करिब १६ लाख ४५ हजार रुपियाँ सहयोग जुटाइएको नगरपालिकाले जनाएको छ।

नगरपालिकाले यसरी सङ्कलन हुने रकम नेपाल सरकारको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको जनाएको छ। भोटेकोशी नदीमा आएको बाढी तथा पहिरोबाट भएको ठूलो जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै नगरपालिकाले मृतकप्रति श्रद्धाञ्जली र शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गरेको छ।

नगर प्रमुख महेन्द्र महतो, प्रमुख प्रशासकीय अधिकृत हरि शंकर यादव तथा लेखा अधिकृत रामबाबु साह द्वारा जारी प्रेस विज्ञप्तिमा विपद्का कारण प्रभावित नागरिकको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि सबै पक्षबाट सहयोग र सहकार्य आवश्यक रहेको उल्लेख गरिएको छ।

**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**
- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैंकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**गौशाला नगरपालिका, महोत्तरी**

**बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं**

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**मटिहानी नगरपालिका, महोत्तरी**

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**औरही नगरपालिका, महोत्तरी**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा – ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,